मेलुङ गाउँ सभा तेह्रौं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूले मिति २०८०/०३/०३ गते प्रस्तुत गर्नुभएको,

# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

*<u>मेलुङ गाउँपालिका</u>*

# आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

## *"कृषि, पशु, वन, पर्यटन विकासको आधार: स्वास्थ्य, शिक्षा, सडक समृद्ध मेलुङको पूर्वाधार"*

***मेलुङ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यज्यूहरु,***

मेलुङ गाउँपालिकाको गाउँ सभा तेह्रौं अधिबेशनमा हार्दिक स्वागत गर्दछु।

मेलुङ गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ। यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता, न्याय, राष्ट्रियताका पक्षमा भएका जनआन्दोलन र जनयुद्ध मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ता, घाइते, जेलबन्दी तथा राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति हृदयदेखि नै नमन गर्दछु। तिनका आश्रित परिवारजनमा सम्मान व्यक्त गर्न चाहन्छु।

मेलुङ गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा सङ्घीय, प्रादेशिक र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं। मेलुङ गाउँपालिकामा पूर्वाधारको विकास गरी जनताको जीवनस्तरमा सुधार ल्याउनु हाम्रो पहिलो कर्तव्य हुन आएको छ। कृषि क्षेत्रको विकास मेलुङको सम्भावनाको पहिलो क्षेत्र हो। पूर्वाधार विकास अन्तर्गत शिक्षा, स्वास्थ्य र सडक सुधार गर्नुपर्ने क्षेत्रका रुपमा देखिएका छन्। मेलुङ गाउँपालिकाले सुरु गरेको कृषि तथा पशुपालनमा

आधारित युवा उद्यमशीलता विकास कार्यक्रम कृषि क्षेत्रको विकासको प्रस्थानबिन्दु बनेको छ। सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ। स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गर्नु पनि उत्तिकै आवश्यक छ। मेलुङ गाउँपालिकामा सुशासन, विकास र सेवा प्रवाहलाई केन्द्रबिन्दुमा राखी विभिन्न बिषयगत क्षेत्रहरुका लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आर्थिक समृद्धि, सुशासन र विकासको मार्गमा मेलुङ गाउँपालिका निरन्तर अघि वढिरहेको छ। यस गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि, पशु, जलस्रोत, पर्यटन र उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढीकरण गरी "***कृषि, पशु, वन, पर्यटन विकासको आधार: स्वास्थ्य, शिक्षा, सडक समृद्ध मेलुङको पूर्वाधार***" निर्माण गर्न हामी सबै दृढ सङ्कल्पित छौं।

गाउँ सभा सदस्यज्यूहरु,
अब म आर्थिक वर्ष २०७९/८० मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपलब्धिहरुको बारेमा सङ्क्षेपमा उल्लेख गर्न चाहन्छु।

## आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा:

१) मेलुङ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि निःशुल्क रुपमा जग्गा प्राप्ति गरी भवन निर्माण स्थल व्यवस्थापनको कार्य सम्पन्न भएको छ।

२) कृषि तथा पशुपालनमा आधारित युवा उद्यमशीलता विकास कार्यक्रमको सुरुवात भएको छ।

३) गाउँपालिकाद्वारा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू लगभग सम्पन्न भइसकेका छन्।

४) "ग" वर्गको अपाङ्गता भएका ८६ जना व्यक्तिहरुलाई मासिक ८,०० रुपैयाँका दरले निर्वाह भत्ता उपबल्ध गराउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

५) सामुदायिक स्वास्थ्य इकाइ, सहरे र भेड्पु स्वास्थ्य चौकी, बुद्धचोकमा वर्थिङ सेन्टर स्थापना गरी ती स्थानबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ।

६) मेलुङ स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापनाका लागि अत्याधुनिक उपकरणहरुको व्यवस्थापन गरिएको छ।

७) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत जनताले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छन्।

८) सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा कार्यालयहरु मार्फत वितरण गर्ने कामको थालनी भएको छ।

९) सम्पूर्ण विद्यालयहरुमा इन्टररनेट सुविधा पुऱ्याइएको छ।

***गाउँ सभा सदस्यज्यूहरु,***

***"समावेशी र सर्वाङ्गीण विकास,***
***समृद्ध मेलुङको मूल आधार"***
भन्ने मूल नाराका साथ अब म आ.ब.२०८०/८१ को नीति तथा कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## शिक्षा सम्बन्धी नीति:

१. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ। माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने नीति लिइनेछ।
२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. जनप्रतिनिधि, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षकलगायत राज्यकोषबाट सुविधा प्राप्त गर्ने व्यक्तिहरुका सन्ततिलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने व्यवस्था गरिनेछ।
४. वार्षिक रुपमा उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थी तथा विषय शिक्षकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
५. बालविकास कक्षालाई थप व्यवस्थित र बालमैत्री बनाइँदै लगिनेछ।
६. प्राविधिक विद्यालयलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।
७. नयाँ प्राविधिक विद्यालय सञ्चालन गर्ने विद्यालयलाई विशेष सहयोग गरिनेछ।
८. भिन्न क्षमता भएका विद्यार्थीको तथ्याङ्क सङ्कलन गरी निजहरुको अध्ययनका लागि विशेष प्रोत्साहन दिइनेछ।
९. भौतिक रुपमा समस्याग्रस्त अवस्थामा रहेका विद्यालयहरुको पहिचान गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने छ।
१०. विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गरिनेछ।
११. शिक्षक, अभिभावक तथा विद्यार्थीबीच विज्ञहरुको उपस्थितिमा निरन्तर अन्तरक्रिया गरी शैक्षिक गुणस्तर उन्नयनका कार्यहरु थालनी गरिनेछ।
१२. विद्यालय क्षेत्र सुधार योजना अन्तरगत क्षमता अभिबृद्धि कार्यक्रम तथा गोष्ठी सञ्चालन गरिने छ।
१३. सामुदायिक विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।
१४. टुहुरा र जेहेन्दार विद्यार्थी, शहीद, बेपत्ता तथा घाइते परिवारका छोराछोरीलाई उच्च शिक्षाका लागि छात्रवृत्तिको सुरुवात गरिनेछ।
१५. शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षक तथा विद्यालय कर्मचारीको मनोबल उच्च राख्ने तालिम सञ्चालन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू **गरिनेछ।**
१६. प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरेका युवालाई गाउँमै सेवा गर्न प्रोत्साहित गरिनेछ।

१७.गाउँपालिकाको पहिचान सहितको विषयवस्तुलाई समावेश गरी कक्षा(१-५) को स्थानीय पाठ्यक्रम संशोधन तथा (६-८) को नयाँ पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

१८. विद्यालय तहको पाठ्यक्रम तथा शिक्षक निर्देशिका हरेक विद्यालयमा उपलब्ध गराइनेछ।

१९. SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग गर्ने नीति लिइनेछ।

२०. विद्यालय क्षेत्र बाहिरका विद्यार्थीलाई विद्यालय भित्र ल्याइनेछ। विद्यालय बिचमै छोड्ने विद्यार्थीलाई पुनः विद्यालयमा ल्याउने नीति अबलम्बन गरिनेछ।

२१. ***"गुणस्तरीय शिक्षामा आधुनिक प्रविधि र शैक्षिक पूर्वाधार, दक्ष तथा प्राविधिक जनशक्ति निर्माणको आधार"*** **भन्ने नाराका साथ शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक नीति अबलम्बन गरिनेछ।**

२२. **विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिका साथै विद्यार्थीहरुको प्रविधिसँग पहुँचका लागि ICT,** पुस्तकालय, विज्ञान प्रयोगशाला नभएका विद्यालयहरुका लागि पहल गरिनेछ।

२३. भाषा तथा मातृभाषा शिक्षा कार्यक्रमको नीती निर्माण गरिनेछ।

२४. योग्यता पुगेका सबै तहका शिक्षकहरुबीच प्रतिष्पर्धा गराई क्षमतावान् प्रधानाध्यापक छनौट गर्ने नीति अबलम्बन गरिनेछ।

२५. विद्यालयका प्र.अ. र शिक्षकसँग कार्यसम्पादन सम्झौता गरी सिकाइ उपलब्धिको लक्ष्य प्रतिशत तोकिनेछ । उक्त लक्ष्य प्राप्त गर्ने विषयगत शिक्षकलाई पुरस्कारको व्यवस्था गरिनेछ र लक्ष्य पुरा नगर्ने शिक्षकको सरुवा गरिनेछ।

२६. दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाको आन्तरिक स्रोतबाट समेत रकम थप गरी सकभर पालिकाभित्रै उत्पादन भएका खाद्य सामग्री प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ।

२७. हरेक बार खाना चारको सिद्धान्त अनुसार दिवा खाजा कार्यक्रम सञ्चालन भए/नभएको सम्बन्धमा निरन्तर अनुगमन र मूल्याङ्कन गरिनेछ।

**२८. शिक्षकहरुको विषयगत समितिलाई थप क्रियाशील र रचनात्मक बनाई नमुना पाठ प्रदर्शन र शिक्षकको पेशागत विकासका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।**

**२९. विद्यालयकोमा रहेका विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थालाई मध्यनजर गर्दै विद्यालय समायोजन तथा तह घटुवाको नीति अबलम्बन गरिनेछ।**

**३०. *"हामी बनाउँछौं हाम्रो विद्यालय कार्यक्रम"* अगाडी बढाउन आवश्यक कानूनको निर्माण गरी प्रभावकारी ढङ्गबाट उक्त कार्यक्रम लागू गर्ने नीति अबलम्बन गरिनेछ।**

**३१. आन्तरिक रुपमा विद्यालयको प्रतिस्पर्धा बढाउनको लागि गाउँपालिकास्तरीय आन्तरिक अवलोकन र मूल्याङ्कन भ्रमण गराइनेछ।**

**३२. विद्यार्थीमा अन्तर्निहित प्रतिभा पहिचानका कार्यक्रम सञ्चालन गरिनेछ।**

## स्वास्थ्य सम्बन्धी नीति:

१. हालसम्म स्वास्थ्य बिमा गर्न बाँकी जनताहरुको बिमा गर्नका लागि आबश्यक प्रबन्ध मिलाइनेछ।

२. आयुर्बेद उपचार पद्धतिलाई प्रबर्द्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ।

३. पालिकाभित्रका स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुका लागि ***जनप्रतिनिधि सुत्केरी भेटघाट*** कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

४. आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।

५. गाउँपालिकाका नागरिक दुर्घटनामा परी लास पोष्टमार्टम गर्न अस्पताल लाँदा लाग्ने यातायात खर्च प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

६. स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सबै जनताको स्वास्थ्यमा पहुँच पुऱ्याउने नीति अबलम्बन गरिने छ।

७. गाउँपालिका भित्रका प्रत्येक बर्थिङ सेन्टरबाट महिलाहरुमा हुने पाठेघरको क्यान्सर रोगको निःशुल्क परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर, योग शिविर र आयुर्वेद सेवाको शिविर सञ्चालन गरिनेछ।
९. निःशुल्क औषधी वितरण कार्यक्रमको सूचीमा नपरेका केही अत्यावश्यक औषधी खरिद गरी निःशुल्क वितरण गरिनेछ।
१०. शल्यक्रिया सहितको निःशुल्क आँखा शिविर सञ्चालन गरिने छ।
११. कुपोषणमुक्त गाउँपालिकाको आधार तयार गरिनेछ।
१२. उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने नीति लिइनेछ।
१३. **"मेलुङ गाउँपालिकाको शान स्वस्थ, सबल र समृद्ध नागरिक हाम्रो पहिचान"** भन्ने नाराका साथ स्वास्थ्य सेवाको उपलब्धता बढाउने नीति अबलम्बन गरिनेछ।
१४. स्वास्थ्य चौकीबाट रेफर गरिएका गर्भवती महिलाहरुलाई नजिकको अस्पताल पुऱ्याउन लाग्ने यातायात खर्च उपलब्ध गराउने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।
१५. स्वास्थ्य संस्थामा गर्भवती जाँच नगर्ने महिलाहरुको स्वास्थ्य संस्थामा पहुँच पुऱ्याउन घरदैलो कार्यक्रम थप प्रभावकारी बनाइ No More Home Delivery अर्थात् घरमा हुने सुत्केरीलाई शून्यमा प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गरिनेछ।
१६. सबै स्वास्थ्य चौकीहरुमा ल्याब सेवा विस्तार गर्ने नीति अबलम्बन गरिनेछ।
१७. निर्माणाधीन ५ शैयाको आधारभूत अस्पताल निर्माण निरन्तरताका लागि आवश्यक पहल गरिनेछ।
१८. सुनौला हजार दिनका आमाहरुलाई लक्षित गरी पोषण बगैंचा, पोषण चौतारी र पोषण सहकारी कार्यक्रम अगाडी बढाइनेछ।
१९. होम डेलिभरी शून्य गर्न संस्थागत प्रसूति कार्यक्रमका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।
२०. ६० वर्ष उमेर पुरा भएका र राज्यकोषबाट दोहोरो सुविधा लिइरहेका स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक रुपमा विदाइ गरिनेछ।

२१. एक विद्यालय एक नर्स कार्यक्रमलाई आवश्यकतानुसार विस्तार गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

**<u>पूर्वाधार बिकास सम्बन्धी नीति</u>:**

१. गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई सहज बनाउन आगामी आर्थिक वर्षमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रकम विनियोजन गरी निर्माण प्रक्रिया अगाडी बढाइनेछ।

२. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणलाई प्राथमिकता दिइनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजित रकममा गाउँपालिकाको रकम थप गरी जनश्रमदान गर्नुपर्ने पूर्वाधार निर्माणका कार्यहरु गरिनेछ।

४. साझेदार निकायहरुको खोजी गरी पूर्वाधारको क्षेत्रमा साझेदारीको नीति अबलम्बन गरिनेछ।

५. मुख्य सडकको स्तरोन्नती गर्ने कार्य सङ्घ र प्रदेशसँगको सहकार्यमा अगाडी बढाइनेछ।

६. मेलुङ गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनमा ल्याइनेछ।

७. विस्तार भएका सडक अनिवार्य रुपमा सडक नालाको व्यवस्था गर्ने नीति लिइनेछ।

८. मेलुङ आयोजना बैङ्क स्थापना गरी कार्यान्वयन गरिनेछ।

९. लगानी बोर्ड, मर्मत सम्भार कोष,रोजगार कोषको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

१०. घर नक्सापास तथा घर नम्बर राख्ने कार्य यसै आ.ब बाट प्रारम्भ गरिनेछ।

११. गाउँपालिका भित्र रहेका झोलुङ्गे तथा ट्रसपुलको मर्मत सम्भार तथा रेखदेखका लागि पुल हेरालुको व्यवस्था गरिनेछ।

१२. मेलुङ सडक गुरुयोजना तयार गरी यसै आ.ब. बाट लागु गरिनेछ।

१३. उपभोक्ता समितिद्वारा कार्यान्वयन हुने योजनामा लागत सहभागिता(श्रमदान) लाइ व्यवहारिक र अनिवार्य बनाइनेछ।

१४. उपभोक्ता समितिहरुले आफूले गरेका कामको अपनत्व वोध गराइ योजनाको संरक्षण र सम्बर्द्धनमा जिम्मेवार बनाइनेछ। योजना अनुगमनको ढाँचा परिमार्जन गरिनेछ। एउटै योजनामा पटक पटक रकम माग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

१५. गाउँपालिकाका लाइफलाइन सडकहरु (सित्तली-मेलुङ-बुद्धचोक-भैंसे) र (नयाँपुल-पवटी-डाँडाखर्क) सडक पूर्णरुपमा कालोपत्रे गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय एवम् पहल गरिनेछ।

१६. आवश्यकताका आधारमा मात्र पूर्वाधार निर्माण गर्ने नीति अख्तियार गरिनेछ।

१७. गाउँपालिकास्तरीय, वडास्तरीय र टोलस्तरीय सडकको क्षेत्राधिकार कार्यान्वयनमा ल्याइनेछ।

१८. खानेपानीका मुहानहरुको पहिचान एकिन र संरक्षण कार्यलाई जोड दिइनेछ।

## <u>संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति</u>:

१. निजी क्षेत्र, व्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी गाउँपालिका क्षेत्रमा होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। होमस्टेमा संलग्न जनशक्तिलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने नीति अबलम्बन गरिने छ।

३. सातवटै वडाहरुमा ***एक वडा एक होमस्टे बस्ती*** र **एक वडा एक पर्यटकीय क्षेत्र** प्रबर्द्धन गरिनेछ।
४. पर्यटकीय स्थल पहुँच मार्ग निर्माण, विस्तार र स्तरीकरणमा जोड दिइनेछ।
५. तामाकोसी नदीमा र्‍याफ्टिङको सम्भाव्यता अध्ययन प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ।
६. मेलुङ महोत्सव-२०८० को आयोजना गरी आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ।

## फोहोरमैं व्यवस्थापन तथा प्रदूषण नियन्त्रण सम्बन्धी नीति:

१. फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्न श्रोतमा नै बर्गीकरण गर्ने व्यवस्था मिलाईनेछ। कुहिने फोहोरलाई घरमै मल बनाउने प्रबन्ध मिलाइनेछ।
२. फोहोरको श्रोतअनुसार नै पृथकीकरण गरी व्यवस्थापन गर्न तीन प्रकारका भाँडा (वेस्टबिन) खरीद गरी मुख्य स्थानहरुमा राख्ने व्यवस्था गरिनेछ।
३. मेलुङ गाउँपालिकाबाट खरिद गरिने दुई र चारपाङ्ग्रे सवारी साधन क्रमशः विद्युतिय खरिद गर्ने नीति लिइनेछ।
४. सिसा र प्लाष्टिकजन्य फोहोरहरु सङ्कलन र उचित स्थानमा व्यवस्थापन गरिनेछ। यस कार्यमा सम्बन्धित बस्तीका समुदाय तथा व्यापारीलाई जिम्मेवार बनाइनेछ।

## संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति:

१. मेलुङ गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी अनुसार पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरण तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
२. कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवम् प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ। गाउँपालिकामा कार्यरत प्रत्येक कर्मचारीको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र

सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ ।

३. गाउँपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ।

४. हरेक महिनाको पहिलो शनिबार "**जनतासँग गाउँपालिका अध्यक्ष**" कार्यक्रम मार्फत प्रत्यक्ष सम्बाद कार्यक्रम सञ्चालन गर्ने ब्यबस्था मिलाइनेछ ।

५. गाउँपालिका र वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको व्यवस्थापन गरिनेछ।

६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional self Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

७. आर्थिक बर्ष २०८०/०८१ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुरूप वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

८. गाउँसभाको अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पदक, सम्मान र पुरस्कार प्रदान गरिनेछ।

९. मेलुङ गाउँपालिकाका शिक्षित युवाहरुलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्नका लागि लोकसेवा लगायतका प्रतिष्पर्धात्मक परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ।

१०. निर्माण गर्न बाँकी स्थानीय ऐन, कानुन, नियमावली तथा कार्यविधिहरु निर्माण गरी लागु गरिनेछ।

११. गाउँपालिकाबाट हालसम्म सम्पादित महत्वपूर्ण कार्यक्रमहरुको समीक्षा गरी दस्तावेजीकरण गर्नका लागि विभिन्न प्रकाशन/प्रसारण सामाग्रीहरुको निर्माण गरिनेछ।

१२. गाउँपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तर वृद्धि गर्नका लागि जनप्रतिनिधी तथा कर्मचारीहरुबाट मुस्कानसहितको सेवा प्रदान गरिनेछ ।

१३. जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि असल अभ्यासको आदानप्रदान गर्ने उद्देश्यले अवलोकन भ्रमण लगायतका पुनर्ताजगी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. गाउँपालिकामा कार्यरत थप जिम्मेवारी वहन गर्ने कर्मचारीहरुलाई थप सेवासुविधाको व्यवस्था गरिनेछ।

१५. करारसेवामा कार्यरत कर्मचारीहरुको तलवभत्ता समयानुकुल समायोजन गरिनेछ।

१६. टोल विकास संस्था मार्फत विकास निर्माणका कार्यहरु गराउने व्यवस्था मिलाइनेछ।

१७. गाउँपालिकाका गतिविधिहरूलाई आम नागरिकसम्म पुऱ्याउन स्थानीय रेडियो मार्फत "मेलुङ सेरोफेरो" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. गाउँपालिकाबाट भए गरेका गतिविधिहरूका सम्बन्धमा चौमासिक सार्वजनिक सुनुवाई गरीनेछ।

१९. भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

२०. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी न्यायिक समितिबाट प्रवाह गरिने कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। वडाहरूमा रहेका मेलमिलाप केन्द्र थप व्यवस्थित गरिनेछ।

२१. प्रत्येक कार्यालयमा सबैले देख्ने गरी नागरिक बडापत्र राखिनेछ।

२२. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि आवश्यकताका आधारमा क्षमता विकास, नेतृत्व विकास तालिमहरु सञ्चालन गरिनेछ। साथै कर्मचारीका लागि विशेष प्रोत्साहन तथा आवश्यकताका आधारमा थप सुविधाको व्यवस्था गरिनेछ।

## <u>उद्योग तथा वाणिज्य सम्बन्धी नीति</u> :

१. गाउँपालिकामा एक नमूना "औद्योगिक ग्राम" को स्थापना गरी विशेष गरी स्थानीय स्तरमा पाइने कच्चा पदार्थमा आधारित रोजगारमूलक

उद्यम विकास गरिनेछ। यसका निम्ति आगामी आ.ब.मा सम्भाव्यता अध्ययन र लगानीकर्ताहरूको पहिचान गरी आवश्यक पूर्वाधार विकासको कार्य थालनी गरिनेछ।

२. उद्योग वाणिज्य सङ्घ, लगानी बोर्ड, ठूला व्यापारी तथा व्यवसायिक कम्पनीहरूसँगको सहकार्यमा गाउँपालिकाभित्र सञ्चालन गर्न सकिने विभिन्न सम्भावित उद्यमहरू पहिचान र उद्योग स्थापना गर्न लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ। लगानी गर्न आउने उद्यमीहरूलाई उद्योग स्थलसम्मको पहुँच मार्ग, बिजुली पानी जस्ता आधारभूत भौतिक पूर्वाधार विकास गरी लगानीमैत्री वातावरण निर्माण गरिनेछ।

३. स्थानीय बजारलाई व्यवस्थित, स्वच्छ र प्रतिस्पर्धी बनाउन तथा उपभोक्ताहरूलाई ठगिनबाट जोगाउनको लागि व्यापारीहरूको सहभागितामा व्यापार आचार संहिता एवम् मूल्यसूची तयार गरी लागू गरिनेछ।

४. मेलुङ गाउँपालिकामा सूचीकृत तथा थप अन्य बेरोजगार युवाहरूलाई सम्भाव्यताको आधारमा कुक, वेटर, ड्राइभिङ, मौसमी/बेमौसमी तरकारी खेती, प्लम्बिङ, कटाईसिलाई ब्युटिसियन, मेकानिकल(मिनि टिलर मर्मत), थान्का लेखन सम्बन्धी छोटो तथा लामो अवधिका तालिमहरू सञ्चालन गरी स्थानीय तहमा नै उद्यम सञ्चालन गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

५. "**उद्यमी बनौं, विदेशीन रोकौं**" भन्ने नाराका साथ आगामी आ.व.मा युवाहरूलाई उद्यमी र व्यवसायी बनाउन जोड दिइनेछ ।

६. गाउँपालिकाभित्र सम्भाव्य खानी, मिनरल वाटर, जडिबुटी आदि उद्यम विकासको सम्भाव्यता अध्ययन गरिनेछ।

## <u>राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति</u>:

१. संबिधान तथा कानुन बमोजिम असुल गरिने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

२. करका दरको पुनरावलोकन गरि दायरा बढाइनेछ।

३. कर सचेतना र करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

## कानुन तथा मानव अधिकार सम्बन्धी नीति:

१. सबै वडा कार्यालयहरुमा स्थापना भइ सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राबिधिकद्वारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ।

२. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

३. स्थानीय तहको न्याय सम्पादनको अनुभव आदानप्रदान गर्न मेलुङ गाउँपालिकाको आयोजनामा **न्यायिक समिति समीक्षा गोष्ठी** आयोजना गरिनेछ।

## कृषि सम्बन्धी नीति

१. प्रत्येक वडामा एक जना कृषि प्राविधिकको व्यवस्था गरिनेछ।

२. कृषि पेशालाई मर्यादित तथा सम्मानित पेशाको रुपमा विकास गरी किसान परिचय पत्रको व्यवस्था गर्नुका साथै किसान परिचय पत्र प्राप्त गरेका किसानलाई सहुलियतपूर्ण दरमा कर्जाको व्यवस्था गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराईनेछ। किसानलाई सस्तो व्याजदरमा कर्जा दिलाउन सङ्घीय सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराईनेछ।

३. गाउँपालिकाबाट वितरण हुने फलामे हलो, हाते ट्याक्टर, मिनिटिलर जस्ता यान्त्रिक साधनहरु वितरण गर्दा निश्चित मापदण्ड बनाई वितरण गरिनेछ।

४. कृषिबालीमा देखा पर्ने किरा तथा किराजन्य रोग नियन्त्रण गर्न गाउँपालिकाबाट जैविक विषादी निर्माण सम्बन्धी तालिमको प्रवर्द्धन गरी जैविक औषधी उपलब्ध गराईनेछ ।

५.मेलुङ गाउँपालिका क्षेत्रमा भित्रिने खाद्यबस्तुको गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ।

६. मेलुङ गाउँपालिकालाई जैविक गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ।

७. प्रशस्त मात्रामा दुध उत्पादन हुने क्षेत्रहरुमा दुग्ध संकलन केन्द्र (दुध डेरी) को स्थापना गर्दै गइनेछ।र प्रोत्साहनस्वरुप दूध उत्पादनका आधारमा अनुदानको व्यवस्था मिलाइनेछ।

८. पशुपालनका लागि चरिचरण क्षेत्र र प्रशस्त घाँस उत्पादन हुने ठाउँहरुमा निश्चित स्थान तोकी पशुपालन क्षेत्रको निर्धारण गरिनेछ।

९. कृषिमा आत्मनिर्भर गाउँपालिका निर्माणका लागि स्थानीय खाद्यबालीहरु जस्तै धान, मकै, कोदो गहुँ, फापर, आलु लगायतको खेतीमा युवाहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम ल्याइनेछ।

१०.रैथाने जातका बालीहरुको संरक्षण गर्न बिउ बैङ्कको स्थापना गरिनेछ।

११. जैविक विषादी/किटनाशक औषधी बनाउनका लागि किसानहरुलाई उत्प्रेरित गरिनेछ भने रासायनिक मल र किटनाशक औषधीको प्रयोगलाई विस्तारै निषेध गर्दै लगिनेछ ।

१२. कृषि उपजको व्यवस्थित बजारीकरणका लागि द्रुत कृषि ढुवानी सेवा को व्यवस्था मिलाइनेछ।

१३. गुणस्तरीय सडक सञ्जालको निर्माण पश्चात् सडक करिडोरमा दुग्ध चिस्यान केन्द्र, तरकारी चिस्यान केन्द्र तथा भण्डार केन्द्रको निर्माण गरिदिन र गोठ सुधार कार्यलाई सहयोग गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराईने छ।

१४.किसानहरुलाई कृषि इन्पुट्स जस्तै विउविजन, मलखाद, औषधी, कृषि सामग्री, प्राविधिकहरुको सुनिश्चित गर्न सरकारी, अर्धसरकारी वा निजी सेवा प्रदायक संघसंस्थासँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ।

१५. कृषि पकेट क्षेत्र घोषणा गरी सञ्चालन गरिनेछ।

१६. ठूलो परिमाणमा उत्पादन गर्न चाँडो र धेरै उत्पादन गर्न सकिने प्रकारका कृषि प्रणालीहरुको अवलम्वन गरिनेछ।

१७. कृषि श्रम परिचालन गर्न कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण, आधुनिकिकरण गर्दै सहकारी सामुदायिक निजी क्षेत्रको सहभागितामा सामुहिक खेती, सहकारी खेतीलाई प्रोत्साहन गरी करार खेती, चक्ला बन्दी खेती सुरु गर्नका लागि पहल गरिनेछ ।

१८. कृषि क्षेत्रको प्रचुर सम्भावना उजागर गर्ने प्रणालीका सम्पुर्ण वडाहरुमा नमूना फर्महरु सञ्चालनको लागि पहल गरिनेछ ।

१९. विशेष योजना सहित व्यवसायिक कृषि फर्म संचालन गर्ने कृषकको लागि सिंचाई, सडक, विद्युत, विउ, मलखाद, प्रविधि र बजारीकरणमा सहयोग गरिने नीति अवलम्वन गरिनेछ ।

२०. नश्ल सुधार तथा गोठ सुधारका कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गर्दै लगिने छ ।

२१. स्थानीय स्तरमा खाद्य सुरक्षा र आपूर्ति व्यवस्था मजबुत राख्न मेलुङ गाउँपालिकाले संघीय सरकारको वित्तीय हस्तान्तरण बजेटलाई लक्षित गर्दै विज्ञ कम्पनी वा संस्था संगको प्राविधिक साझेदारीमा एक खाद्य भण्डारण केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

२२. गाउँपालिकामा उत्पादन हुने खाद्यान्न, फलफूल र तरकारीको खपत गराउन गाउँपालिका क्षेत्र भित्र बजार केन्द्र भवन तथा सुपथ मूल्य पसल खोल्दै गइनेछ ।

२३. कृषि सम्बन्धी सङ्घ तथा प्रदेशका कार्यालयहरुमा हुने गतिविधि आम जनसमुदायलाई सूसूचित गर्न कृषि सूचना केन्द्रको स्थापना गरिनेछ।

२४. सुन्तलामा लाग्ने किरालाई नियन्त्रण गर्न **“सुन्तला बचाउ अभियान”** सञ्चालन गरिनेछ ।

२५. सुन्तला, आलु र केरा पकेट क्षेत्र स्थापना गरिनेछ।

२६. कृषकहरुबीच प्रतिस्पर्धा गराई उत्कृष्ट कृषकलाई उचित पुरस्कारको व्यवस्था गरिने छ ।

२७. कृषि मेला तथा प्रदर्शनीहरु आयोजना गर्दै गइनेछ ।

२८. हरेक वर्ष मेलुङ उत्कृष्ट कृषक घोषणा गर्दै निजलाई थप अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२९. गाउँपालिका क्षेत्रभित्र उत्पादन गर्न सकिने कृषि अन्तर्गतका, तरकारीजन्य, फलफूल, मासुजन्य तथा दुग्धजन्य वस्तुहरूमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन आयात प्रतिस्थापनमूलक विशेष कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ ।

३०. वडाहरूको सम्भाव्यता अध्ययन विश्लेषण गरी सोको आधारमा कृषि पकेट क्षेत्रहरू घोषणा गरिनेछ । साथै एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।

३१. सहकारी, निजी क्षेत्र तथा समूह मार्फत उच्च मूल्यका कृषि बाली, नगदेबाली जस्तै किविफल, जापानिज हलुवावेद, नासपाती, लप्सी, सुन्तला, अलैंची, स्याउ, केरा, आँप, एभोकाडो आदि जस्ता नगदेबाली र मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल, चिया, कफी, व्यवसायिक फूल खेतीलाई प्रबर्द्धन गर्ने, बजारीकरणमा सघाउ पुऱ्याउने विभिन्न किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. गाउँपालिकाको स्वामित्व रहने गरी टोल विकास संस्था, कृषि सहकारी, कृषक समूहको व्यवस्थापनमा कृषि उपज सङ्कलन केन्द्र स्थापना गर्दै लगिनेछ ।

३३. गाउँपालिकाको आलु पकेट क्षेत्रमा सरोकारवालाहरूको समन्वयमा शीत भण्डार, आलु सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरी आलुलाई ग्रेडिङ, लेबलिङ, प्याकेजिङ गरी गाउँपालिकाको पहिचान हुने गरी बजारीकरणमा प्रोत्साहन एवम् सघाउ पुऱ्याइनेछ ।

३४. व्यवसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण गरिने स्थानसम्म कृषि सडक, बिजुली बत्ती, पानीको व्यवस्था गर्दै गइनेछ ।

३५. **"कोदो, फापर र गहुँलाई स्वागत गरौं, जङ्कफुडको सेवनलाई तिरस्कार गरौं"** भन्ने नारालाई स्थापित गर्दै लगिनेछ ।

३६. कृषि उत्पादनको क्षेत्रमा सिंचाई सुविधा पुऱ्याउनका लागि गाउँपालिका, प्रदेश तथा सङ्घीय सरकारका सरोकारवाला निकायहरू, विभिन्न गैरसरकारी निकायहरू, कृषि

सहकारी, सामुदायिक संस्था, कृषक समेतको सहभागितामा दिगो र भरपर्दो सिंचाई प्रणाली विकासमा जोड दिइनेछ।

३७. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नको लागि कृषिको आधुनिकीकरण, उन्नत बिउ बिजन, आधुनिक प्रविधि, कृषिमा यान्त्रीकरणलाई प्रोत्साहन गरिनेछ।

३८. खाली तथा सार्वजनिक जग्गाहरूमा फलफूलका विरुवा लगाई हरियाली प्रवर्द्धनका साथै आर्थिक वृद्धि बढाउने नीति लिइनेछ।

३९. लोपोन्मुख स्थानीय जातका, गाई, भैंसी, चौरीपालन व्यवसायलाई पुनःस्थापना गर्न कृषकलाई प्रोत्साहित गरिनेछ।

४०. गाउँपालिकाको निश्चित क्षेत्रमा पहिचानको आधारमा व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

४१. मेलुङ गाउँपालिकाभित्र बाँदर नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम संचालनमा ल्याइनेछ ।

४२. अर्गानिक खेती कार्यक्रमलाई प्रवद्र्धन गर्न गोठ सुधार, हरियो मल, कम्पोस्ट मल निर्माण तथा सामुदायिक विद्यालयहरूमा मानव मूत्र सङ्कलन गरी त्यसको समुचित उपयोग गरिनेछ ।

४३. रासायनिक मल तथा विषादीको अज्ञानतापूर्ण प्रयोग र यसको जोखिमका विषयमा आम जनमानसमा सचेतीकरण कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

४४. कृषि उपजलाई मध्यनजर गर्दै आलु तथा अन्य तरकारीहरूको भण्डारणको निमित्त समुदायमा आधारित रोष्टिक स्टोर, चिस्यान केन्द्र स्थापनालाई निरन्तरता दिइनेछ ।

४५. बेरोजगार युवाहरूको व्यवस्थापनको निमित्त श्रममा आधारित बहुवर्षीय नर्सरी, व्यवसायिक बाख्रापालन, कुखुरापालन, गाईपालन, भैंसीपालन, बङ्गुरपालन, पाहापालन, माछापालन आदिलाई प्रोत्साहन गर्दै लगिनेछ।

## पशु स्वास्थ्य सम्बन्धी नीति :

१. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको सुरुवात गरिनेछ।

२. छाडा, सामुदायिक, घरपालुवा, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. मासुजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्ने ब्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ।

## सामाजिक विकाससँग सम्बन्धी नीति :

१. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडा तहबाटै सञ्चालन गरिनेछ ।

२. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बालमैत्री स्थानीय तह घोषणा गर्न आबश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. बिपन्न, दलित, आदिबासी र अपाङ्गता भएका व्यक्तिहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडास्तरमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ। वडामा रहेका ज्येष्ठ नागरिक मिलन केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिकहरुलाई मानसिक एबम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

६. ज्येष्ठ नागरिकमा देखापर्ने बिशेष रोगहरु (अल्जाइमर्स, पार्किन्सन्स आदि) को उपचार गर्ने अस्पतालहरुसँग सहकार्य गरी ज्येष्ठ नागरिक उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।

७. मेलुङ गाउँपालिकामा रहेका "ग" बर्गका नागरिकहरुलाई साबिकमा दिइदै आइरहेको ८०० मासिक भत्ता लाई निरन्तरता दिइनेछ।

८. अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप बिकास तथा अपाङ्गता सीपको तालिम कार्यक्रम संचालन गरिनेछ ।अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निशुल्क वितरण गरिनेछ।

९. स्थानीय समुदायबाट उत्पादन गरिएका सामाग्रीहरु कोसेली घर मार्फत खरीद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

## खेलकुद सम्बन्धी नीति :

१. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्न गाउँपालिका क्षेत्रमा खुल्ला ब्यायामशाला, योगशाला लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक खेलमैदान तथा भौतिक पूर्वाधार बिकास र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. गाउँपालिका क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अबधारणा अन्तर्गत खेलकुद तथा अन्य कार्यक्रमहरु समेत सञ्चालन गर्न बिशेष जोड दिइनेछ ।

३. गाउँपालिकाबाट विभिन्न खेलकुद प्रतियोगितामा सहभागी खेलाडी तथा पदाधिकारीका लागि आर्थिक व्यवस्थापन गरिनेछ ।

४. गाउँपालिका भित्रका राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान गरिनेछ ।

५. खेलकुदमा युवा वर्गको सहभागिता अभिवृद्धि गर्न स्थानीय सङ्घ संस्था समेतको सहभागितामा गाउँपालिका तहमा विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

६. **"स्वस्थ जीवनका लागि खेलकुद"** भन्ने नाराका साथ अध्यक्षकप भलिवल, उपाध्यक्षकप महिला भलिवल प्रतियोगिता सञ्चालन गरिनेछ। साथै समग्र खेलकुद विकासमा जोड दिंइदै लगिनेछ ।

७. विद्यालयमा खेल प्रशिक्षकको व्यवस्था गर्दै लगिनेछ ।

८. खेलकुद सम्बन्धी संघसंस्था तथा व्यक्तिहरुलाई विभिन्न विधामा खेल प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

९. प्रत्येक वडामा एक खेल मैदान निर्माण अभियान र गाउँपालिकामा एक खेलकुद ग्राम विकास गर्दै लगिनेछ ।

१०. गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

११. ऐतिहासिक मेलुङ टुँडिखेललाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१२. जनप्रतिनिधि र कर्मचारीहरुको सम्बन्धलाई थप प्रगाढ बनाउन मैत्रीपूर्ण खेल आयोजना गरिनेछ।

## सीप बिकास तथा उद्यमशीलता प्रबर्धन सम्बन्धी नीति :

१. युवा पुस्ताको नविन सोच र प्रबिधिप्रतिको आकर्षणलाई बढावा दिन राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरिनेछ।

२. सीप सिक्न इच्छुक गाउँपालिकाबासीहरुलाई सिप प्रशिक्षण (मूर्तिकला, काष्ठकला, धातुकला, बाजा तथा माटोका भाँडा निर्माण गर्ने) लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

३. गाउँपपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका स्थानीय सीप, कला, स्थानीयलाई रोजगारी दिने र वातावरण प्रतिकुल असर नगर्ने प्रकृतीका उद्योगलाइ ब्यवसाय करमा छुट दिने नीति लिइनेछ।

४. गाउँपालिका क्षेत्रमा रहेका उद्योग तथा नयाँ उद्यमीलाई प्रबिधिमा सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराइनेछ। उद्यमीलाई प्रोत्साहन गर्न स्टार्ट अपको नीति अवलम्बन गरिनेछ।

## सहकारी सम्बन्धी नीति :

१. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

२. संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रभावकारी ब्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ।

३. कृषि, पशुपालनको व्यवसायिकरणमा मूलतः कृषि सहकारीहरूलाई परिचालन गरिनेछ ।

४. सहकारीहरूको क्षमता अभिवृद्धि र संस्थागत विकासमा सहजीकरण गरिनेछ।

५. सहकारी मार्फत लगानी वृद्धि गरि उद्योगमैत्री वातावरण सृजना गरिनेछ।

६. गाउँपालिकास्तरीय सहकारी सञ्जाल स्थापना गरिनेछ। नयाँ दर्ता हुने सहकारी संस्था अनिवार्य रुपमा सहकारी सञ्जालमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ।
७. सहकारी संस्थाहरु सघन अनुगमन गरी सहकारी क्षेत्रको सुधार गर्ने नीति अबलम्बन गरिनेछ।
८. सहकारी क्षेत्र र गाउँपालिकाबीच साझेदारीमा विकासका कार्य गर्नका लागि आवश्यक प्रबन्ध मिलाईनेछ।

## विपद ब्यवस्थापन सम्बन्धी नीति :

१. विपद ब्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ। आगोबाट हुने जोखिम न्यूनीकरण गर्न बिशेष सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. मेलुङ गाउँपालिका आपतकालीन सञ्चालन केन्द्र (Emergency Operation Center) स्थापना गरी प्रभाबकारी रुपमा संचालन गर्ने ब्यबस्था मिलाइनेछ।
३. मेलुङ गाउँपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping ) गरिनेछ।
४. विपद् व्यवस्थापन कोषलाई बदलिँदो परिस्थितिमा अझ व्यापक बनाउँदै लगिनेछ।
५. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न गाउँपालिकामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ ।
६. विपद् व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरी प्रकोपमा परेका व्यक्तिहरूको तत्काल उद्धार, राहत र पुनःनिर्माण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । विपद् व्यवस्थापनका लागि गाउँपालिका स्तरमा **“अध्यक्ष विपद् व्यवस्थापन कोष”** सञ्चालनलाई निरन्तरता दिइनेछ ।
७. विपद् व्यवस्थापन पूर्व तयारी तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।
८. सबै वडा र गाउँपालिकाको समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण योजना बनाई विकासको मूल प्रवाहीकरण गर्दै लगिनेछ।

९. सबै वडा कार्यालयमा राहत तथा उद्धारका आधारभूत सामग्रीको व्यवस्थापन गरिनेछ।

## सहरी बिकास तथा भवन मापदण्ड सम्बन्धी नीति :

१०. भवन निर्माण नक्सा पास प्रकृयालाई सरल, सहज बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

११. भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१२. मेलुङ गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१३. मेलुङ गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि घर नम्बर राख्ने कार्यक्रम सञ्चालनम ल्याइनेछ।

१४. नेपालको संविधानको मौलिक अधिकार अनुरुप निजी आवास तथा सम्पत्ति संरक्षणको हकलाई सुनिश्चित गर्न मेलुङ गाउँपालिका प्रतिवद्धता व्यक्त गर्दै यसै गाउँपालिकाको वडा नं. ४ (साविक भेड्पु गा.वि.स.) हालसम्म नापी नभएको हुँदा सङ्घ र प्रदेशसँगको समन्वयमा भोगचलनको आधारमा व्यक्तिको नाममा जग्गा नापी गर्ने अभियान सञ्चालन गर्ने गरिनेछ।

## सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति

१. मेलुङ गाउँपालिका सार्वजनिक निजी साझेदारी ऐन जारी गरी सार्वजनिक निजी साझेदारी प्रारुपमा संचालन गर्न सकिने सम्भावित परियोजनाको पहिचान गरी कार्यान्वयन गरिनेछ।

## सूचना प्रबिधि सम्बन्धी नीति

१. मेलुङ गाउँपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्द्धन गरिनेछ।

२. गाउँपालिका सम्बद्ध सूचना तथा तथ्यांकलाई ब्यबस्थित रुपमा संकलन गरी मेलुङ डाटा बैंकको स्थापना गरिनेछ।

३. गाउँपालिकाबाट प्रवाह गरिने सेवामा सर्बसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र बिभिन्न सार्वजनिक स्थलहरुमा फ्री वाईफाईको ब्यबस्था मिलाइनेछ ।

४. गाउँपालिकामा सूचना प्रविधि केन्द्र स्थापना गरी सर्वसाधारणलाई सूचना प्रविधिको पहँुच अभिवृद्धि गर्दै लगिनेछ ।

५. गाउँपालिकाका गतिविधि सम्बन्धी वृत्तचित्र, स्मारिका र ब्रोसियर तयार गरी प्रकाशन गरिनेछ।

६. फोन तथा इन्टरनेट सुविधालाई भरपर्दो बनाउन गाउँपालिकाको क्षेत्रभित्र नेपाल टेलिकमको टावर निर्माण गर्न पहल गरिनेछ ।

७. गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाई सेवालाई प्रभावकारी बनाइनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति

१. लक्षित वर्गको कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. परिवारबाट अपहेलित ज्येष्ठ नागरिकको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

३. पारिवारिक पुनःमिलन कार्यक्रम संचालन गरिनेछ ।

४. महिलाहरुको क्षमता विकासका लागि मागमा आधारित तालिम संचालन गरिनेछ ।

५. दलित समुदायको लागि जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. असल बुहारी कार्यक्रम कार्यक्रम संचालन गरिनेछ ।

७. आदीबासी, जनजाती तथा सिमान्तकृतहरुको मातृभाषा, संस्कृति र भेषाभुषालाई संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

८. सामाजिक रूपमा पछाडि परेका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनीकरणलाई सहयोग पुर्‍याउन सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाउँदै लगिनेछ।

९. यस गाउँपालिकालाई महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री गाउँपालिकाको रूपमा विकास गर्दै लगिनेछ।

१०. महिला, दलित, आदिवासी जनजाति र विपन्न वर्गका नागरिकहरूको सामाजिक तथा आर्थिक उन्नतिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११. सामाजिक विकृतिको रूपमा रहेको जातीय विभेदमुक्त समाज निर्माणका लागि पहल गरिनेछ ।

अन्त्यमा,

मेलुङ गाउँपालिकामा पूर्वाधारको विकास गरी जनअपेक्षा अनुरुप जीवनस्तर उकास्ने हाम्रो दृढ सङ्कल्प अविचलित छ। यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण पालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ। साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

धन्यबाद !

**हिरा कुमार तामाङ**

गाउँपालिका अध्यक्ष

*२०८० असार ३ गते आइतवार*